नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाइ, नुवाकोट

फोन नं.: ०१०-५६०२१६
०१०-५६१८४९
इमेल :pmamp.piu.nuwakot@gmail.com
Website: piunuwakot.pmamp.gov.np

प.सं. २०७९/८०
सु.नं. १२

## न्यूनतम समर्थन मुल्यमा धान खरिद गर्नका लागि सूचिकृत हुने सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मितिः २०७८/०८/२६ गते

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७८/०७/१६ को निर्णयानुसार चालु आ.व. २०७९/८० को लागि निर्धारण भएको न्युनतम समर्थन मूल्यमा कृषकबाट उत्पादित धान **न्यूनतम समर्थन मुल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७** बमोजिम खरिद गर्न ईच्छुक कृषि सहकारी संस्थाहरुले तपसिलमा उल्लेख भए अनुसारका कागजातहरु सहित मिति २०७८/०९/०७ गते भित्र सुचीकृत हुनको लागि निवेदन पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसिलः

१. सुचिकृत हुनको लागि रु. १० को टिकट टाँस गरिएको निवेदन।
२. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण सहित) पेश गर्नुपर्ने छ।
३. आवेदक कृषि सहकारी संस्थाको शेयर पुँजी, कारोवार रकम, कार्य क्षेत्र, खरिद गर्न चाहेको स्थानीय तह तथा वडाहरु, धानको परिमाण, किसिम, धान खरिदको लागि आवश्यक रकमको व्यवस्था तथा स्रोत, खरिद गरिने धानको ढुवानी, भण्डारण, प्रशोधन तथा व्यवस्थापन सम्बन्धी विवरण अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।
४. न्युनतम समर्थन मुल्यमा धान खरिद गर्ने सम्बन्धमा सुचिकृत हुनका लागि आवश्यक संस्थाको कार्य समितिको निर्णयको प्रतिलिपि।
५. आवेदक संस्थाको कार्य समितिले न्युनतम समर्थन मुल्यमा धान खरीद, ढुवानी, भण्डारण तथा व्यवस्थापन सम्बन्धी विवरण सहितको निवेदन पेश गर्न आधिकारिक व्यक्ति तोकेको सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि।
६. आवेदक संस्थाका अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
७. आवेदक संस्थाको स्थायी लेखा नं.(PAN), आ.व. २०७८/०७९ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।
८. सम्बन्धित स्थानीय तहको सिफारिस।
९. आवेदक संस्थाको बैङ्कमा रहेको खाता नं. खुल्ने कागजातको प्रतिलिपि (चेक बुक)।
१०. अन्य कुनै जानकारीको लागि परियोजना कार्यान्वयन एकाइ, विदुर, नुवाकोटको सम्पर्क नं. ०१०-५६०२१६ मा सम्पर्क गर्न सकिने छ।

२०७८/०८/२६

सुरेन्द्र प्रसाद पोखरेल
वरिष्ठ कृषि अधिकृत